**ककनी गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**रानीपौवा,नुवाकोट**

**बागमती प्रदेश , नेपाल**

प.सं.:२०७९/०८०　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति:२०७९/०४/०३

**करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति:२०७९/०४/०४)**

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७८।०७९ च.न./PMEP/३५८ को मिति २०७७।०३।२२ को पत्रानुसार यस ककनी गाउँपालिकामा सचांलित रोजगार सेवा केन्द्रको लागि आवश्यक **रोजगार सहायक** र **उद्यम विकास सहजकर्ता** पदको करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-२०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौं तह | १ |
| २ | २-२०७९/०८० | उद्यम विकास सहजकर्ता | चौथो वा पाँचौं | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव**

**रोजगार सहायकको लागी**

१. नेपाल सराकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्तिर्ण गरेको ,

२. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिईएको प्रमाणपत्र

**उद्यम विकास सहजकर्ता**

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता शिप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) बाट मान्यता प्राप्त उद्यम विकसा सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परिक्षा (TSLC) उत्तिर्ण गरेको

४. १२ कक्षा वा सो सरह पास गरि कम्तिमा २ वर्ष उद्यम विकास,सिप विकास,सामाजिक परिचालन , लद्युवित्त जस्ता क्षेत्रमा काम गरेको अनुभव भएको । माथि उल्लेखित (क),(ख) र (ग) बमोजिम योग्यता भएका उमेदवारको आवेदन प्रयाप्त पर्न नआएको खण्डमा मात्र यो योग्यता भएको मध्येबाट छनौट हुनेछ ।

२. **दरखास्त दिने स्थान:**ककनी गाउँ कार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति:**२०७९।०४।१८ गते **कार्यालय समय भित्र**

**४. आवेदनको दस्तुर तथा राजस्व तिर्ने ठेगाना** रु. ५००।– ( पाँच सय मात्र) **गाउँकार्यपालिकाको कार्यालयको ,राउस्व शाखा**

५. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु:** आवेदक स्वयले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

१. नागरिकताको प्रतिलिपी

२. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात ( उद्यम विकास सहजकर्ताको लागी अनिवार्य )

३. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

४. चारित्रिक प्रमाणपत्र

५. बायोडाटा (उद्यम विकास सहजकर्ताको लागी मात्र)

६. निवेदन (उद्यम विकास सहजकर्ताको लागी मात्र)

७. तालिमको प्रमाण पत्र

८. २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधा तथा अन्य:**स्थानीय तहमा प्राविधक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण,पाठ्यक्रम लगायत सम्बन्धि अन्य विस्तृत जानकारी मन्त्रालयको वेवसाईट www.pmep.gov.np वा गाउँपालिकाको वेवसाईट www.kakanimun.gov.np बाट उपलब्ध हुनेछ ।

……………………………………